खावासाकी अन्तर्राष्ट्रिय संघ

KIAN

# हेल्लो खावासकी

जापानी, अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज

संघको होम पेज(https://www.kian.or.jp/hlkwsk.html)मा हेर्नुहोस्।

खावासाकी अन्तर्राष्ट्रिय संघ 2-2 किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, 211-0033,जापान
Tel:044-435-7000 Fax:044-435-7010 https://www.kian.or.jp/ E-mail:kiankawasaki@kian.or.jp

*************************************************************************************

नि:शुल्क

## बिदेशिएका बच्चाहरुको लागि प्राथमिक स्कूल प्रवेश बारे जानकारी दिने कार्यक्रम।

「प्राथमिक स्कूल कस्तो हुन्छ?」「स्कूलको जानकारी शत्रहरुमा गएपनि भाषा बुझ्दिन/भनेको बुझ्दैन …」जस्तो समस्यामा हुनुहुन्छ भए हामी तपाईंको चिन्ता समाधानको साथै प्राथमिक स्कूलमा प्रवेश गर्न मद्दत गर्छौं। यस कार्यक्रममा प्राथमिक स्कूलक पूर्व प्रधानाध्यापकको कुराहरु, भिडियो तथा गाइडबूक (बहुभाषी र रूबी अक्षरमा भएको) हेर्दै स्कूले जीवनशैली तथा पूर्व तयारी को जानाकारी प्रदान गर्नेछौं।
बिस्तृत जानाकारीहरु होमपेज तथा पम्फ्लेटमा हेर्नु होला।

मिति : **2025 जनवरी 25(शनि) 13:30～16:00**

स्थान : खावासाकी अन्तरास्ट्रिय केन्द्रको हल

शुल्क : नि:शुल्क (अनुबाद तथा बच्चा हेरिदिने सुबिधा उपलब्ध छ, बूकिंग गर्नु पर्नेछ।) आवेदन QR कोड





सम्पर्क : फोन नं.044-455-8811 इमेल : soudan39@kian.or.jp, आवेदन फारम बाट अथवा केन्द्रमा पाल्नु होला।

*************************************************************************************

प्रतिस्पर्धीहरुको निबेदन लिइन्दै !

## विदेशी नागरिकहरूको लागि 30 औं जापानी बक्तित्व प्रतियोगिता

खावासाकी शहरमा बसोबास गर्ने, अध्ययन तथा काम गर्ने, अथवा जापानी भाषा अध्ययनरत विदेशीहरूको लागि बक्तित्व प्रतियोगिता आयोजना हुदै छ ! (प्रतियोगितामा भाग लिनको लागि स्कूल अथवा कम्पनि बाट सिफारिस चाहिने छ।)

मिति र समय : 2025 फेब्रेवरी 8 (शनि) 3:00～16:30
(※प्रतियोगिता पछि जमघट कार्यक्रम हुनेछ।)

स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

आवेदन दिने अन्तिम मिति : **2025 जनवरी 14 (मंगल) सम्म**

※बिस्तृत जानकारीको लागि「खावासाकी अन्तर्राष्ट्रिय केन्द्र」सम्पर्क गर्नुहोस् ।

आवेदन QR कोड




*************************************************************************************

## मिनी सामाजिक जमघट; परम्परागत वाद्य वादन कोटोको प्रयोग गरेर साँस्कृतिक आदानप्रदान, हेर्नुहोस्, सुन्नुहोस् र बजाउनुहोस् !

यसपटक नाकाहारा वडामा कोटो खेलेर रमाइलो गर्ने समूह `गुरुफु कोटोनेहितो (कोतोनेबितो) ` ले कोटो प्रस्तुति दिनेछ ।
कोटो संगसंगै सबैले गाउने, र कोटो बजाउन चाहनेहरूले सो को अभ्यास प्रयास गर्न सक्नेछन।
जो कोही पनि सहभागी हुन सक्छन ! हामी तपाईंहरुको पर्खाइमा छौं।。

नि:शुल्क

मिति र समय : डिसेम्बर 21 (शनि) 14:00～16:00

स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र ※सहभागी संख्या :100 पहिला आउने लाइ प्राथमिकता दिईने छ ।

*************************************************************************************

## चलचित्र स्क्रिनिङ सँगै「आरिरांरा पुसोडी」हेरौं !

खावासाकीमा बसोबास गर्ने पहिलो पुस्ताका हार्मोनी (कोरियन भाषामा हजुरआमाको अर्थ) को जीवनी रेकर्ड गरिएको वृत्तचित्र।

मिति र समय : 2025 जनवरी 11 (शनि) 13:00～16:00 (12:30 देखि खुल्छ। )

आबेदन : नोवेम्बर 15 (शुक्र) बाट खावासाकी अन्तर्राष्ट्रिय केन्द्र संघको वेबसाइट बाट।

स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको हल

प्रवेश शुल्क : 660 येन | सहभागी संख्या : 200 जना सम्म (पहिलो आबेदनलाइ प्राथमिकता दिईने छ)

निर्देशक किम सोङगउङ्गको कथा । चलचित्रमा अभिनय गरेका हार्मोनीहरुका गीत र अभिवादन पनि समाबेस छन् ।

# आपतकालीन चिकित्सा सूचना केन्द्र

**वर्षको अन्त्य र नयाँ वर्षको समयमा अचानक बिरामी हुनुभयो भने, सकेसम्म चाँडो जचाउनु होस्।**

**हामी तपाईलाई 24सै घण्टा, वर्षको 365 दिन खुल्ने मेडिकलहरूको जानाकारी दिनेछौं।**

| अपरेटर | ☎ 739-1919 | कम्प्युटरबाटको भोकल गाईडान्स | ☎ 739-3399 |
|---|---|---|---|

◆ गम्भीर आपतकालीन अवस्थामा एम्बुलेन्स (☎119) बोलाउनु होला।

◆अत्यावश्यकता नभएका र हस्पिटल सम्म जाने यातायात उपलब्ध नभएकाहरूका लागि हामी ट्याक्सी र निजी एम्बुलेन्स उपलब्ध गराउछौं। ※हामी डेन्टल, चिकित्सा परामर्श र कोरोनाभाइरस परीक्षण परामर्शहरु प्रदान गर्दैनौं।

**बर्षको अन्तीम र शुरुवातको डिसेम्बर 30 (सोम) देखि जनवरी 3 (शुक्र) सम्म खुला रहने** आपतकालीन क्लिनिकहरूको लागि कृपया सहरको वेबसाइट हेर्नुहोला।

https://www.city.kawasaki.jp/350/page/0000017115.html

****************************************************************************************

# वर्षको अन्त्य र नयाँ वर्षको बिदामा फोहोर संकलन गर्ने बारे

**कृपया प्रत्येक क्षेत्रको लागि सङ्कलन मितिहरू जाँच गर्नुहोस्**



◆ **सामान्य फोहोरहरु र पुन: प्रयोग गर्न मिल्ने वस्तुहरू डिसेम्बर 30 (सोम) सम्म सङ्कलन गरिन्छ।**

◆नयाँ वर्ष 2025 को जनवरी 4 (शनि) बाट नियमित रुपमा पुन: फोहोर सङ्कलन गरिनेछ।

◆ ठुला फोहोर (सोदाई गोमि) फाल्न, **अग्रिम बुकिङ्ग** (संकलन मिति भन्दा कम्तिमा 3 दिन अघि) आवश्यक पर्नेछ ।

यद्यपि, डिसेम्बर 31～ जनवरी 3 सम्म, शनिबार र आइतवारहरू ठुला फोहोर संकलन गरिदैन ।

〈आवेदन गर्ने तरिका〉

- इन्टरनेट: कावासाकी सिटी होमपेजबाट (युजर रजिस्टेशन आवस्यक पर्ने ।)
- टेलिफोन: सोदाई गोमि रिसेप्शन सेन्टर 044-930-5300 वा 0570-044-530 (समय: 8:00～16:45)

****************************************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

केहि प्रश्न भएमा अथवा तपाइलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोला। (नि:शुल्क)

**ZOOM प्रयोग गरेर अनलाइन परामर्श लिन सकिन्छ !**

सम्पर्क नंम्बर 044-4555-8811

परामर्श समय 9:00~ 17:00

※**बिदाहरू : आइतबार, संस्थाको बार्षिक बिदाहरु (बार्षिक 3 दिन) 29 डिसेम्बर ~3 जनवरी सम्म।**

सम्बन्धित भाषाको अनुवादक/सल्लाहकार नभएको दिन पनि अनुवाद फोनबाट परामर्श गर्नेछौं।

अनलाइन परामर्शको लागि

खावासाकी अन्तराष्ट्रिय केन्द्र होमपेज

| भाषा | बार | भाषा | बार |
|---|---|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार सम्म | चिनियाँ | सोमबार देखि शनिबार सम्म |
| पोर्तुगाली | मंगलबार र शुक्रबार | स्पेनिश | मंगलबार र बुधबार |
| कोरियाली | मंगलबार र बिहीबार | फिलिपिन | मंगलबार र बुधबार |
| भियतनामी | मंगलबार र शुक्रबार | थाई | सोमबार र मंगलबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार | नेपाली | मंगलबार र शनिबार |

**प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा**

**प्रत्येक महिनाको तेस्रो आइतबार** • परामर्श जापानी भाषामा मात्र हुन्छ, तर सशुल्क अनुवादक पनि रिजर्भ गर्न सक्नुहुन्छ।

2024डिसेम्बर15（आइत）, 2025 जनवरी 13（आइत）14:00～16:00 (खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक रुम)